त्रिभुवन विश्वविद्यालय
# वन विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प. स. भर्ना २०८२।०८३ च. नं.

मिति :२०८२/०४/२०

## स्नातक तहमा भर्ना सम्वन्धि सूचना

यस अध्ययन संस्थान अन्तर्गत आंगिक क्याम्पसहरु तथा सम्वन्धन प्राप्त कलेजमा शैक्षिक सत्र २०८२/०८६ को लागि स्नातक तहमा अध्ययन गर्न इच्छुक उम्मेदवारहरुवाट **http://entrance.iof.edu.np** मा online आवेदन आव्हान गरिन्छ । भर्ना सम्वन्धि कार्यकम निम्नानुसार छ ।

१. आवेदन फारम भर्न पाउने **मिति २०८२/०४/२० गतेदेखि २०८२/०५/२० गतेसम्म** र दोब्बर दस्तुर तिरी **मिति २०८२/०५/२५ गते ५:०० वजे सम्म र प्रवेश परीक्षा मिति २०८२/०५/२८ बिहान ११:०० सम्बन्धित केन्द्रहरुमा** हुनेछ ।

२. **प्रवेश परीक्षा शुल्क :** रु.३२००/- र प्रत्येक समावेसी कोटाको लागि थप शुल्क रु १००/- अनलाइन मार्फत नै जम्मा गर्नु पर्नेछ । प्रवेश परीक्षा शुल्क **entrance.iof.edu.np** मा **E-Sewa/ Khalti/ ConnectIPS** बाट जम्मा गर्न सकिने छ, तर सो सेवा प्रयोग गरे बापत नियमानुसार सेवा शुल्क लाग्नेछ ।

३. **न्यूनतम शैक्षिक योग्यता :** त्रि. वि. द्वारा मान्यता प्राप्त शिक्षण संस्थावाट वन विज्ञान विषयमा प्राविधिक प्रमाणपत्र तह वा फरेष्ट्रीमा डिप्लोमा (CTEVT) वा सो सरह उत्तिर्ण गरेको हुनु पर्नेछ । साथै विज्ञान विषयमा प्रमाणपत्र तह वा विज्ञान तर्फ (१०+२) वा (१०+२) Ag वा I.Sc. Ag वा Diploma in Ag (CTEVT) वा ए लेभल विज्ञानमा कम्तिमा ४०% अंक वा CGPA 2 वा १२ कक्षामा GPA 2 प्राप्त गरि उत्तिर्ण भएको हुनु पर्नेछ ।

भर्ना कोटा निम्नानुसार (प्राथमिकता क्रमानुसार) कायम गरिएको छ

| साधारण र साधारण समावेशी सीटहरु | आंगिक क्याम्पसहरु | |
|---|---|---|
| | पोखरा क्याम्पस | हेटौडा क्याम्पस |
| साधारण | २७ | १९ |
| महिला | २ | १ |
| आदिवासी/जनजाती | १ | १ |
| मधेसी | १ | १ |
| दलित | १ | १ |
| पिछडिएको दुर्गम क्षेत्र | १ | १ |
| मुस्लिम | १ | १ |
| थारु | १ | १ |
| स्टाफ (वन विज्ञान र त्रि.वि.) | १ | १ |
| **जम्मा** | ३६ | २७ |

| साधारण (क्यापिटेशन) र समावेशी (क्यापिटेशन) सीटहरु | आंगिक क्याम्पसहरु | |
|---|---|---|
| | पोखरा क्याम्पस | हेटौडा क्याम्पस |
| साधारण | ३१ | ३८ |
| महिला | २ | २ |
| आदिवासी/जनजाती | १ | २ |
| मधेसी | १ | १ |
| दलित | १ | १ |
| पिछडिएको दुर्गम क्षेत्र | १ | १ |
| मुस्लिम | १ | १ |
| थारु | १ | १ |
| विभागीय | ४ | ५ |
| स्टाफ (वन विज्ञान र त्रि.वि.) | १ | १ |
| Foreigner seats | २ | २ |
| **जम्मा** | **४६** | **५५** |

| साधारण, साधारण (समावेशी) र साधारण (क्यापिटेशन), समावेशी (क्यापिटेशन) र विदेशी सीट समेत | पोखरा क्याम्पस | हेटौडा क्याम्पस |
|---|---|---|
| | ८२ | ८२ |

**नोट** : १) साधारण तथा क्यापिटेशन तर्फको स्टाप सीटको हकमा मेरिट लिष्टको आधारमा क्याम्पस छनौट गरी भर्ना गरिनेछ ।

२) त्रि.वि. वन विज्ञान अध्ययन संस्थान अन्तर्गत सम्बन्धन प्राप्त काठमाडौं फरेष्ट्रि कलेजको जम्मा सीट संख्या **५०** (पचास) निर्धारण गरिएको छ ।

३) कुनै विदेशी उम्मेदवार भर्ना नभएमा उक्त सिट साधारण क्यापिटेशन सिटमा परिवर्तन गरिनेछ ।

४. **फर्म भर्दा संलग्न गर्नु पर्ने कागजातहरु**

क) १०+२ वा सो सरहको ट्रान्सक्रिप्ट र SEE वा सो सरहको मार्कसिटको स्क्यान कपि ।

ख) सम्बन्धित आवेदकको फोटो र हस्ताक्षरको स्क्यान कपि ।

ग) समावेसी कोटाका आवेदकहरुले अनुसूचित समूहको उम्मेदवार रहेको भनी निम्नानुसारको कार्यालयले प्रमाणित गरेको पत्र र सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय एकाई वा स्थाानिय निकायबाट सम्वन्धित विद्यालय सामुदायिक तथा सरकारी विद्यालय हो भनी प्रमाणित गरेको प्रमाण-पत्र पेश गर्नु पर्नेछ । सामुदायिक तथा सरकारी विद्यालयबाट उत्तिर्ण गरेको आवेदक नभएमा मात्र अन्य विद्यालयबाट उत्तिर्ण गरेकोलाई पनि समावेश गर्न सकिनेछ।

(१) आदिवासी: सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालय वा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा गाउँपालिका/नगरपालिका ।

(२) मधेशी: सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालय वा गाउँपालिका/नगरपालिका ।

(३) दलित: सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालय वा राष्ट्रिय दलित आयोग वा गाउँपालिका/नगरपालिका

(४) पिछडिएको दुर्गम क्षेत्र: सम्बन्धित गाउँपालिका वा नगरपालिका ।

(५) मुस्लिम: सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालय वा राष्ट्रिय मुस्लिम आयोग वा गाउँपालिका/नगरपालिका

(६) थारु : सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालय वा गाउँपालिका/नगरपालिका

५. **शुल्क सम्वन्धि व्यावस्था**

**साधारण शुल्क : प्रथम सेमेस्टरको भर्ना शुल्क रु १०,७६०/-**

**क्यापिटेशन शुल्क :**

प्रवेश परीक्षामा सफल उम्मेदवारहरुमध्ये योग्यताक्रम अनुसार क्यापिटेसन सीटहरुमा भर्ना लिइने छ । साधारण क्यापिटेशन र समावेशी क्यापिटेशन वापत रु ३,५०,०००/-(तीन लाख पचास हजार) मध्ये भर्ना हुँदा ५०% रकम रु.१,७५,०००/- र भर्ना शुल्क रु १०,७६०/- सहित जम्मा रु १,८५,७६०/- लाग्नेछ । पहिलो वर्ष दोस्रो सेमेष्टर, दोस्रो वर्ष प्रथम सेमेष्टर र तेस्रो वर्ष प्रथम सेमेष्टर मा भर्ना हुने समयमा तोकिएको भर्ना शुल्कका साथै क्यापिटेशन शुल्क क्रमशः २०% (रु.७०,०००/-), १५% (रु.५२,५००/-), र १५% (रु.५२,५००/-) का दरले सम्वन्धित क्याम्पसमा जम्मा गर्नु पर्नेछ । भर्ना हुँदा सम्वन्धित क्याम्पसमा साधारण कोटाका लागि नाम निस्किए पनि अर्को क्याम्पसमा क्यापिटेशन कोटामा भर्ना भएको तर भर्नाको समयमा कुनै कारणबश साधारण कोटा रिक्त भई सो बिद्यार्थी साधारण कोटामा भर्ना परिवर्तन भएमा भर्नाको समयमा बुझाएको पहिलो किस्ता क्यापिटेशन शुल्क फिर्ता हुने छैन । **सम्वन्धित क्याम्पसहरुले उपलब्ध सुविधाका आधारमा थप शुल्क निर्धारण गर्न सक्नेछ ।**

६. **विभागीय सिट**

स्नातक तहको प्रवेश परीक्षामा सफल भएका उम्मेदवारहरु मध्येवाट नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय वा प्रदेश वन मन्त्रालयहरुवाट मनोनयन भई तोकिएको समय भित्र आएका उम्मेदवारहरुलाई पोखरा तथा हेटौडा क्याम्पसको लागि क्रमशः ४ र ५ (जम्मा ९) जना भर्ना गरिनेछ । क्याम्पस नतोकिएको अवस्थामा मनोनयन पत्रका साथ क्याम्पसको लागि निवेदन पेश गर्नु पर्नेछ । नाम प्रकाशित भएपछि भर्ना हुन आउँदा विभागको सक्कलै मनोनयन पत्र पेश गर्नु पर्नेछ । मनोनयन भएका उम्मेदवारहरुलाई प्रवेश परीक्षाको योग्यताक्रमको सूची अनुसार भर्ना लिइनेछ । विभागीय सिटमा भर्नाका लागि छनौट भएका प्रत्येक उम्मेदवारले साधारण क्यापिटेशन सिट सरह शुल्क रु ३,५०,०००/-(तीन लाख पचास हजार) जम्मा गर्नु पर्नेछ । विभागीय सिट खाली रहेमा साधारण क्यापिटेशन सिटमा परिवर्तन गरिनेछ ।

७. **स्टाफ सिट**

स्टाफ सिट अन्तरगत आरक्षित सिटमा निम्नानुसार व्यावस्था गरिएको छ ।

**(क) वन विज्ञान**

वन विज्ञान अध्ययन संस्थानमा कार्यरत शिक्षक कर्मचारीका छोरा/छोरीको लागि दुवै क्याम्पसमा जनरल १ सिट र क्यापिटेसन १ सिट छुट्याइएको छ । वन विज्ञान अध्ययन संस्थानमा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीका छोराछोरीलाई प्राथमिकता दिइने छ । स्थायी शिक्षक तथा कर्मचारीहरुका छोराछोरीबाट सो सिट पुरा नभएमा करार, ज्यालादारी करार वा निजको छोराछोरी लाई प्राथमिकताको आधारमा भर्ना गरिनेछ । उक्त सिटका लागि आवेदन दिंदा आफू वा आफ्ना आमा वा बुवा यस अध्ययन संस्थानमा कार्यरत रहेको अवधि समेत

वन विज्ञान अध्ययन संस्थान

खुलाइ सम्वन्धित कार्यालयको प्रमाण पेश गर्नु पर्नेछ । कर्मचारीको हकमा सम्बन्धित निकायबाट प्राप्त पूर्व स्वीकृती पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यस सिटको लागि पनि द्रष्टब्य १ मा उल्लेख भए बमोजिम हुनेछ । **यस सिटमा वन विज्ञानका शिक्षक कर्मचारीको छोराछोरी उपलब्ध नभएमा त्रि.वि.को सिटमा परिवर्तन गरिने छ ।**

(ख) त्रिभुवन विश्वविद्यालय

त्रि.वि.का शिक्षक तथा कर्मचारीको छोरा छोरीहरुको लागि जनरल १ सिट र क्यापिटेसन १ सिट छुट्याइएको छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेका कार्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुका छोराछोरीले यस सिटमा आवेदन दिन पाउने छन् ।

यस सिटको लागि पनि द्रष्टब्य १ मा उल्लेख भए बमोजिम हनेछ । वन विज्ञान तथा त्रि.वि.का शिक्षक कर्मचारीको लागि आरक्षित सिट खाली रहन गएको खण्डमा जनरलको साधारण जनरल र क्यापिटेशनको साधारण क्यापिटेशन सिटमा परिवर्तन गरिने छ । उल्लेखित सिटहरुमा आवेदन दिने उम्मेदवारहरुलाई योग्यताक्रम अनुसार क्याम्पस छनौट गरी भर्ना गरिने छ ।

८. समावेसी सिट

यस कोटामा सामुदायिक सरकारी विद्यालयबाट SEE वा सो सरह र (१०+२) वा सो सरह उत्तिर्ण गरेकालाई पहिलो प्राथमिकता दिइनेछ । यस सिटको योग्यताक्रम द्रष्टब्य १ मा उल्लेख भए अनुसार निर्धारण गरिनेछ । सो बाट उक्त सिट पुरा नभएमा साधारणतर्फ गाभिने छ । **आवेदन दिँदा समावेसि सिट छनौट नगरेका उम्मेदवारहरुलाई भर्ना गर्दा समावेसी सिटमा योग्यहुने छैन् ।**

९. पिछडिएको दुर्गम क्षेत्र

यस सिट अर्न्तगत त्रि.वि.वि.ले. तोकेको पिर्छडिएको दुर्गम क्षेत्र (अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला) का उम्मेदवारले प्राथमिकताको आधार र प्रवेश परीक्षाको योग्यताक्रमानुसार भर्नाको अवसर पाउनेछन् । प्रतिस्पर्धा गर्ने उम्मेदवारहरुले नागरिकता प्राप्त गरेको जिल्लाको तोके अनुसारको दुर्गम स्थानबाट SEE वा सो सरह र १०+२ वा सो सरह सामुदायिक/सरकारी स्कूलबाट पास गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ । यदि SEE वा सो सरह दुर्गम स्थानबाट र १०+२ वा सो सरह सुगम स्थानमा उत्तिर्ण भएकालाई दोश्रो प्राथमिकता तथा १०+२ वा सो सरह दुर्गम स्थानबाट र SEE वा सो सरह सुगम स्थानबाट उत्तिर्ण भएकालाई तेश्रो प्राथमिकता दिईने छ । उपरोक्त अनुसारका विद्यार्थी नभएमा पिछडिएको दुर्गम क्षेत्रका विद्यार्थीहलाई भर्ना गर्न सकिने छ ।

१०. विदेशी सिट

यस कोटामा भर्ना हुन चाहने विद्यार्थीले विज्ञानमा (१०+२) वा सो सरह उत्तिर्ण गरेको हुनु पर्नेछ । र CGPA Score र Interview लाई आधार मानिं भर्नाको योग्यताक्रम निर्धारण गरिने छ । यस सिटमा भर्ना हुन चाहाने विद्यार्थीलाई साधारण क्यापिटेसन सरहको शुल्क लाग्नेछ ।

११. भर्नाको समयमा थप बुझाउनु पर्ने कागजातहरु

(क) अन्य शैक्षिक योग्यताको लब्धाङ्कपत्र (एस.एल.सी./SEE देखि) तथा चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपिहरु ।

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) विदेश तथा अन्य विश्वविद्यालयबाट परीक्षा उत्तिर्ण गरेको भए माइग्रेशन सर्टिफिकेट र त्रि.वि. को समकक्षताको प्रमाणपत्र ।

(घ) आरक्षण कोटामा भर्ना हुन चाहनेले सम्वन्धित कोटाको लागि आवश्यक प्रमाणपत्र वा सिफारिश पत्र ।

(ङ) सम्पूर्ण सक्कल प्रमाणपत्रहरु र पासपोर्ट साईजको २ प्रति फोटो पेश गर्नु पर्नेछ ।

१२. भर्ना रद्द सम्वन्धमा

व.वि.अ.सं. अन्तर्गतको कुनै एक आंगिक क्याम्पसमा भर्ना भएका विद्यार्थीले भर्ना रद्द गरि व.वि.अ.सं अन्तर्गत अर्को आंगिक क्याम्पसमा भर्ना गर्न चाहेमा पहिलो क्याम्पसमा भर्ना हुँदा बुझाएको शुल्कको १०% रकम कट्टा गरी बाँकी रकम दोस्रो क्याम्पसको खातामा जम्मा गरिने छ । तर व.वि.अ.सं अन्तरगतका क्याम्पसमा भर्ना बाहेक अन्यथा कुनै पनि रकम फिर्ता हुने छैन ।

## १३. प्रवेश परीक्षा कार्यक्रम

(क) परीक्षा हुने केन्द्र : **काठमाडौं, पोखरा र हेटौंडा ।**

(ख) परीक्षा मिति: **२०८२/०५/२८ बिहान ११:०० सम्बन्धित केन्द्रहरुमा हुनेछ**

(ग) परीक्षा हुने विषयहरु

| विषय | प्रश्न संख्या | पूर्णाङ्क |
|---|---|---|
| (क) अंग्रेजी | १५ | १५ |
| (ख) गणित | २० | २० |
| (ग) फरेष्ट्री | २५ | २५ |
| (घ) विज्ञान (केमेष्ट्री, फिजिक्स, बोटनी र जुलोजी) | ४० | ४० |
| **कूल** | **१००** | **१००** |

(ङ) सबै प्रश्नहरु वस्तुगत (Objective) हुनेछन् ।

(च) प्रवेश-पत्र सम्बन्धित आवेदकले entrance.iof.edu.np वाट आफै रंगिन प्रिन्ट गरी ल्याउनु पर्नेछ । प्रवेश-पत्र पिन्ट गर्ने सम्वन्धमा प्रवेश परीक्षा फारम भर्ने म्याद समाप्त भए पश्चात सुचना प्रकाशित गरी जानकारी गराइने छ । प्रवेश-पत्र नभएकालाई परीक्षा हलमा प्रवेश गराईने छैन ।

## १४. भर्ना सम्वन्धि कार्यक्रम

भर्ना सम्वन्धि विस्तृत कार्यक्रमको जानकारी पछि प्रकाशन गरिने छ ।

## १५. थप जानकारी

(क) प्रत्येक विद्यार्थीहरुले आ–आफ्नो नाम, थर, वतन, जन्म मिति र कार्यरत भए अफिसको नाम र ठेगाना प्रष्ट आफै लेख्नु पर्नेछ ।

(ख) वन विज्ञान अध्ययन संस्थानको कुनै पनि कार्यक्रममा भर्ना पश्चात् सरकारी वा गैर सरकारी कार्यालयहरुमा कुनै प्रकार र अवस्थामा कार्यरत हुन गएमा संलग्न भएको १५ दिन भित्र लिखित जानकारी सम्बन्धित क्याम्पसलाई अनिवार्य रुपमा गराउनु पर्नेछ ।

(ग) उपरोक्त बुँदा (क) र (ख) मा फरक पर्न गए वा सम्बन्धित क्याम्पसलाई जानकारी नगराएको कारणबाट उत्पन्न हुने सम्पूर्ण प्रशासनिक एवं कानुनी व्यवधान विद्यार्थी स्वयं जवाफदेही हुनु पर्ने छ ।

(घ) भर्ना भएका विद्यार्थीहरु कक्षा संचालन सम्वन्धि सूचना गरिएको मितिवाट १५ दिन सम्म लगातार अनुपस्थित रहेमा निजको भर्ना रद्द गरी योग्यताक्रम अनुसारको विद्यार्थीलाई भर्ना गरिनेछ ।

## १६. कक्षा संचालन

शैक्षिक सत्र २०८२/०८६ अन्तर्गत भर्ना भएका विद्यार्थीका लागि २०८२ मसिर १ गते देखि सम्बन्धित क्याम्पसमा कक्षा संचालन हुनेछ ।

**द्रष्टव्य:**

### १. साधारण सिटको योग्यताक्रम

भर्नाको लागि योग्यताक्रम निर्धारण गर्दा प्रवेश परीक्षाको कुल प्राप्ताङ्कको आधारमा गरीने छ । प्रवेश परीक्षा उत्तीर्ण हुनका लागि न्यूनतम् ४०% अंक प्राप्त गर्नु पर्नेछ । सबै सिटको योग्यताक्रम प्रवेश परीक्षाको प्राप्ताङ्कको आधारमा निर्धारण गरिनेछ । एक वा एक भन्दा बढी आवेदकको प्राप्ताङ्क बराबर आएमा १०+२ (वा राष्ट्रिय परीक्षा वोर्ड अनुसार) वा सो सरहको परीक्षाको प्रतिशतको आधारमा, सो जोड्दा पनि वरावर भएमा SEE वा सो सरहको परीक्षाको आधारमा, सो पनि वरावर भएमा SEE को विज्ञान र गणित विषयको प्राप्ताङ्कलाई आधार मानि योग्यताक्रम तयार गरिनेछ ।

### २. समावेसी सिटको प्राथमिकता क्रम

- प्रथम प्राथमिकता : SEE र १०+२ दुबै सामुदायिक तथा सरकारी
- दोस्रो प्राथमिकता : SEE सामुदायिक सरकारी १०+२ निजी
- तेस्रो प्राथमिकता : SEE निजी १०+२ सामुदायिक तथा सरकारी

- चौथो प्राथमिकता : दुवै निजी
- उपरोक्त अनुसारको योग्यताक्रम निर्धारण गर्दा बरावर अकं प्राप्त गरेमा द्रष्टब्य नं १ बमोजिम कक्षा ११ को प्राप्तांक अनुसार योग्यता क्रम निर्धारण गरिने छ ।

३. यस अध्ययन संस्थानको भर्ना कार्यक्रम पश्चात् उत्तिर्ण भएका योग्यताक्रमवाट इच्छुक उम्मेदवारहरुले काठमाण्डौ फरेष्ट्री कलेजको नियमानुसार भर्ना हुन पाउने छन् ।

४. छात्रावास क्षमता सिमित भएकोले विद्यार्थीलाई छात्रावास उपलब्ध गराउन यस अध्ययन संस्थान/ क्याम्पस प्रशासन बाध्य हुने छैन ।

५. योग्यताक्रमको सूची प्रकाशित भएपछि पुन: क्याम्पस छनौट, समावेशी सिट र क्यापिटेशन सिटको लागि अध्ययन गर्न इच्छाएको क्याम्पसमा आवश्यक शुल्क तिरी निवेदन पेश गर्नु पर्ने छ । प्रवेश परीक्षाको योग्यताक्रमानुसार उम्मेदवारले तोकेको क्याम्पसमा प्रार्थमिकताको आधारमा भर्नाको लागि छनौट गरिनेछ।

६. साधारण कोटामा नाम निस्कीसकेपछि अन्य समूहमा नाम निस्कने छैन तर भर्ना भइरहेको समयमा साधारण कोटा तथा अन्य कोटा खाली हुन गएमा योग्यताक्रमानुसार क्यापिटेशनमा भर्ना भएका व्यक्तिहरु साधारण सिटमा परिवर्तन हुन सक्नेछ । भर्ना वन्द भएपछि कुनै पनि कोटाहरुको सिट खाली हुन गएमा पनि क्यापिटेशनमा भर्ना भएकाहरु साधारण सिटमा परिवर्तन हुने छैनन् ।

७. सम्वन्धित कोटाको उम्मेदवार नभएर सीट खाली हुन आएमा उक्त सीट साधारण समावेशी भए साधारण सीटमा र क्यापिटेशन समावेशी सीट भए साधारण क्यापिटेशन सीटमा गाभी भर्नाको लागि सूची प्रकाशित गरिनेछ ।

८. फारममा भरेको विवरण झुट्टा प्रमाणित भएमा कुनै पनि समयमा फारम अस्वीकृत गर्नुका साथै भर्ना भैसकेको अवस्थामा पनि भर्ना रद्द गरिनेछ तर भर्ना रकम फिर्ता गरिनेछैन ।

९. भर्ना भई सकेका व्यक्ति अध्ययन छोडी जान चाहेमा धरौटी रकम बाहेक अन्य रकम फिर्ता हुनें छैन ।

१०. फारममा सम्वन्धित आवेदकले हस्ताक्षर गर्नु अनिवार्य छ । यस अ.सं.मा कुनै पनि निवेदन दिंदा फारम भर्दा प्रयोग गरेको हस्ताक्षर नै प्रयोग गर्नुपर्नेछ । निजको कुनै पनि निवेदनमा हस्ताक्षर फरक हुन गई कारवाही नभएमा यस अ.सं. जवाफदेही हुने छैन ।

११. यस सम्वन्धी अन्य जानकारी यस कार्यालयको **website:<u>www.iof.edu.np</u>** बाट प्राप्त गर्न सकिनेछ ।

डा. ठाकुर सिलवाल
डीन

**वोधार्थ:**

१. श्री त्रि.वि. केन्द्रीय कार्यालय, कीर्तिपुर ।
२. श्री नेपाल सरकार, शिक्षा मन्त्रालय, काठमाण्डौ ।
३. श्री वन तथा भू-संरक्षण विभाग, ववरमहल, काठमाण्डौ ।
४ श्री राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु संरक्षण विभाग, ववरमहल, काठमाण्डौ ।
५. श्री वन अनुसन्धान तथा तालिम विभाग, ववरमहल, काठमाण्डौ ।
६. श्री सूचना तथा जन सम्पर्क शाखा, त्रि.वि.वि., कीर्तिपुर, काठमाडौं ।
७ श्री आर्थिक प्रशासन शाखा, व.वि.अ.सं बल्खु ।

**वोधार्थ तथा कार्यार्थ**

१. श्री पोखरा क्याम्पस, व.वि.अ.सं, पोखरा ।
२. श्री हेटौडा क्याम्पस, व.वि.अ.सं, हेटौडा ।
३. श्री काठमाडौं फरेष्ट्री कलेज, मातातिर्थ, काठमाण्डौं ।
४.श्री, व.वि.अ.सं परीक्षा महाशाखा, पोखरा ।
५. श्री नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाण्डौः- सम्वन्धित विभाग तथा निकायहरुमा कार्यरत कर्मचारीहरु मध्ये विभागीय सिटमा भर्नाका लागि प्रवेश परीक्षाको परीक्षाफल (योग्यताक्रम सूची) प्रकाशित भएपछि तोकिएको समयभित्र मन्त्रालयबाट मनोनयन गरिने विद्यार्थीको नाममावली पठाईदिनु हुन ।
६.सवै प्रदेश वन मन्त्रालयहरु:-सम्वन्धित निकायहरुमा कार्यरत कर्मचारीहरु मध्ये विभागीय सिटमा भर्नाका लागि प्रवेश परीक्षाको परीक्षाफल (योग्यताक्रम सूची) प्रकाशित भएपछि तोकिएको समयभित्र मन्त्रालयबाट मनोनयन गरिने विद्यार्थीको नाममावली पठाईदिनु हुन ।